RR Interdisciplinary Journal Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 111-121

# सम्बोधि कविता सङ्ग्रहमा प्रतिबिम्बित वैचारिक चेतना

**हरिप्रसाद सिलवाल (विद्यावारिधि)***

## लेखसार

*प्रस्तुत आलेखमा कवि नरेश शाक्यद्वारा लिखित सम्बोधि कविता सङ्ग्रहमा प्रतिबिम्बित वैचारिक चेतनाको रूपमा प्रगतिशील चेतनाको.विश्लेषण गरिएको छ । गुणात्मक ढाँचाको शोध अध्ययन र निगमनात्मक शोधपद्धति अँगालिएको यस आलेखमा मूलतः प्रगतिशील-प्रगतिवादी सैद्धान्तिक मान्यतालाई पर्याधार बनाइएको छ । सम्बोधि कविता सङ्ग्रहका कविताहरूमा केकस्ता प्रगतिशील र प्रगतिवादी चेतना प्रकट भएका छन्, सो वैचारिक विषयलाई शोधसमस्या र यही समस्याको अनुसन्धानात्मक एवं प्राज्ञिक खोज-अन्वेषण गरी निर्क्योलमा पुग्नुलाई शोधउद्देश्य बनाइएको छ । यसमा प्राथमिक र द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । यस आलेखमा सम्बोधि कविता सङ्ग्रहको वैचारिकतामा केन्द्रित भई अनुसन्धान कार्य सम्पन्न गरिएको छ । यसमा कवि शाक्यको सम्बोधि कवितासङ्ग्रह मूलतः प्रगतिशील र अंशतः प्रगतिवादी चेतनामा केन्द्रित रहेको, यस कृतिले सामाजिक उन्नतिका निम्ति वैचारिक रूपमा मानव चेतनाको अग्रगामी स्वरलाई अभिव्यञ्जित गर्ने मुख्य लक्ष्य लिएको सारवस्तु प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** प्रगतिशील- प्रगतिवाद, प्रतिरोध, मार्क्सवादी कलासाहित्य, विश्वदृष्टि, श्रम चेतना,

## विषय परिचय

नरेश शाक्य (वि.सं.२००३) प्रगतिशील नेपाली कविता धाराका कवि प्रतिभा हुन् । उनका सिर्जनात्मक लेखन तथा प्रकाशन नरेश शाक्य 'निरज' उपनामबाट पनि गरिएको छ । कवि शाक्यको *सम्बोधि* (वि.सं. २०७७) प्रगतिशील-प्रगतिवादी विचारयुक्त लघु कविताहरूको पुस्तकाकार कृति हो । उनको कविता यात्रा 'कलिलो बालक (*रूपरेखा,* २०२२)' शीर्षकको फुटकर कविताबाट आरम्भ भएको हो (सिलवाल, २०७४, पृ.११८) । कवि शाक्यका *सम्बोधि* बाहेक हालसम्म प्रकाशित कविता सङ्ग्रहहरूमा- नरेश शाक्य *'निरज'का कविता र गीतहरू (२०४९), परिवेश (२०५६), एउटा फर्जी घोषणा विरुद्ध (२०६४), सुस्केराको अन्तरव्यथा (२०६४), घामका पाइला (२०६८), अन्धकारको वृत्तभित्र (२०६५), आकाश चुम्न खोज्दा (२०७९), दुर्घटनाग्रस्त सपनाहरू (२०७९), क्यानभासमा कविता लगायत* रहेका (कवि शाक्यसित गरिएको मौखिक सोधपुछ) छन् । कवि शाक्यको सामाजिक जीवन कविता सिर्जनाका साथै प्रगतिशील वैचारिक जागृतिमा केन्द्रित भई सिर्जनात्मक अभियन्ताको रूपमा बितेको पाइन्छ । उनको व्यक्तिगत जीवन गम्भीर सङ्घर्षका साथ अघि बढेको छ । हाल उनी नेपाल प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्य रहेका छन् । उनका कवितामा मानवीय संवेदना एवं चेतना, सामाजिक उन्नति, प्रगतिशील र प्रगतिवादी विचारको प्रकटीकरण भएको छ । कवि शाक्यका अधिकांश कविताहरू प्रगतिशील वैचारिक अभिव्यञ्जना सहित प्रकाशन भएको छ । तिनै कविताहरूले उनलाई मूलतः प्रगतिशील कवि प्रतिभाको रूपमा परिचित गराएको छ । उनले आफ्नो व्यक्तिगत जीवनका अनुभव, अनुभूति र मानव

---

* नेपाली विभाग, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौँ । hps2066@gmail.com

समाजका हरेक दुःखद विषयलाई प्रगतिशील वैचारिक दृष्टिबाट प्रकट गरेका छन् । साथै उनका कवितामा प्रगतिवादी वैचारिकीका रूपमा मार्क्सवादी दर्शन एवं जीवनवादी-आशावादी स्वर प्रकट भएको छ ।

प्रस्तुत आलेखमा कवि नरेश शाक्यको *सम्बोधि* कविता सङ्ग्रहमा निहित प्रगतिशील-प्रगतिवादी चेतनाको विश्लेषण गरिएको छ । विवेच्य कविता सङ्ग्रहमाथि हालसम्म यस मान्यताका आधारमा सामान्य समीक्षा भएको तर अनुसन्धान-अन्वेषण कार्य नभएकाले उक्त शोधको अन्तराल एवं शोधको रिक्ततालाई परिपूर्ति गर्ने गरी यो आलेख तयार गरिएको छ । यसलाई प्रगतिशील-प्रगतिवादी दृष्टिकोणको सापेक्षतामा प्रस्तुत गरिएको छ । यस कोणबाट प्राज्ञिक रूपमा शोधसमस्या र शोधउद्देश्यका बिच समन्वय कायम गर्ने गरी सिद्धान्तको रूपमा प्रगतिशील र प्रगतिवादी मान्यताको उपयोग गरिएको छ । यस आधारमा *सम्बोधि* कविता सङ्ग्रहमा केकस्ता प्रगतिशील-प्रगतिवादी चेतना अभिव्यक्त भएका छन् भन्ने शोध समस्याको प्राज्ञिक रूपमा निरूपण गर्नु र त्यसैमा केन्द्रित भई निष्कर्षमा पुग्नु यस लेखको मूल उद्देश्य रहेको छ । गुणात्मक प्रकृतिको शोध संरचना अन्तर्गत रहेको प्रस्तुत लेखमा पुस्तकालीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस आलेखमा विवेच्य कविता सङ्ग्रहका कविताहरूमा रहेका प्रगतिशील र प्रगतिवादका मुख्य मुख्य अभिलक्षणहरूको अन्वेषण गरिएको छ । कवि शाक्यले वैचरिक चेतनाका आयामहरूलाई व्यक्त गर्न चयन गरेका प्रस्तुतिको कवितात्मक रणनीति, भाषिक बनोट, प्रयुक्त प्रतीक, बिम्बको शिल्पगत शैली, शब्दार्थको संयोजन, अभिधा, लक्षणा र व्यञ्जनाका स्वरूपहरूको आधारमा *सम्बोधि* कविता सङ्ग्रहको प्रगतिशील र प्रगतिवादी विचारको अनुसन्धान गरिएको छ । यस आधारमा गरिएको विश्लेषणलाई विवेच्य कविताका साक्ष्यलाई सम्बद्ध पङ्क्ति सङ्ख्यासहित आलेखको मूल खण्डअन्तर्गत विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत आलेखमा विवेच्य *सम्बोधि* कविता सङ्ग्रहलाई प्राथमिक सामग्रीको रूपमा र शोध्य ग्रन्थबारे भएगरेका समीक्षाहरूलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । यसमा प्रयुक्त सामग्रीहरूको सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ । सङ्कलित सामग्रीलाई अर्थापन तथा विश्लेषण गर्न प्रगतिशील र प्रगतिवाद सम्बन्धी सैद्धान्तिक पर्याधारको स्थापना गरिएको छ । यस मान्यताका आधारमा विवेच्य कवितामा तिनको अभिलक्षणहरू खोजी निष्कर्ष निकालिएकाले प्रस्तुत आलेखमा निगमनात्मक शोधपद्धतिको प्रयोग भएको छ । प्रगतिशील र प्रगतिवादी सिद्धान्तको सापेक्षतामा प्रतिनिधिमूलक प्रवृत्तिका अभिलक्षणहरूलाई प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रगतिशील चेतनाको तात्पर्य सामान्यतः प्रगतिको स्वभावलाई विभिन्न अभिव्यक्तिमार्फत प्रतिबिम्बन गर्नु हो । यहाँ प्रगतिको तात्पर्य व्यक्तिगत प्रगति नभई सामाजिक, सामूहिक एवं आम मानव जीवन र जगत्को प्रगतिको अर्थमा समाजमा विद्यमान क्रियाकलापभन्दा कम्तीमा एक चरण प्रगतितिर उन्मुख, सामूहिक चिन्तन, विभिन्न प्रथा-परम्पराका नकारात्मक पक्षहरूमाथि गरिने आलोचनात्मक भाव र अन्धविश्वास, रूढिवाद जस्ता कुरीतिमाथि व्यङ्ग्यात्मक अभिव्यक्ति दिने प्रवृत्तिका रचनात्मक अभिव्यक्तिलाई बुझिन्छ । प्रगतिशील र

प्रगतिवादलाई समष्टिमा हेर्दा वैचारिक रूपमा मार्क्सवादी कला साहित्यको सौन्दर्य शास्त्रलाई सापेक्ष बनाएर गरिने साहित्यिक सिर्जना भन्ने अर्थ लाग्दछ । प्रगतिवादी साहित्यकारले मार्क्सवादी समाजवादको समर्थन गर्दछन् (मिश्र, सन् २०१६, पृ. २४) । केवल प्रगतिशील प्रवृत्तिको रचनाका निम्ति मार्क्सवादी दार्शनिक मूल्यमान्यतालाई स्वीकार गरिएको हुनु पर्दैन । तर प्रगतिवादी साहित्य भन्नाले मार्क्सवादी दर्शनको पक्षपोषण गरेर रचिएको रचना भन्ने बुझिन्छ। सामान्यतया बोलचालको भाषामा यी दुवै प्रवृत्तिका रचनालाई ‘प्रगतिशील साहित्य’ भन्ने गरिएको छ । खास गरी श्रम र श्रमको मूल्यप्रति आस्था जगाउने, आमूल परिवर्तनको पक्षमा माहोल बनाउने, सामान्य मानिसको अधिकारलाई पक्षपोषण गर्ने तथा यस प्रवृत्तिका विचारयुक्त रचनालाई प्रेरणा दिने प्रकारका साहित्यमा नै प्रगतिशील विचार अभिव्यक्ति हुन्छ । प्रगतिशील र प्रगतिवादमा सूक्ष्म भिन्नता पनि रहेको छ । साहित्यलाई प्रगतिवादी वैचारिकता दिनु भनेको मार्क्सवादी विचार बोकेका साहित्य नै हुन् (आचार्य, २०७८, पृ. २७९) । अतः व्यावहारिक एवं प्रचलनका रूपमा यी शब्दावलीलाई अर्थ्याउँदा प्रगतिशील रचना भन्नाले प्रगतिवादी वैचारिक मान्यतालाई समेत प्रतिबिम्बित गरिएको सिर्जना भन्ने स्पष्ट हुन्छ ।

सैद्धान्तिक विशिष्टतालाई केलाउँदा यथास्थितिका विरुद्ध आलोचनात्मक भई त्यसलाई परिवर्तन गर्ने चेतना प्रकट गर्नु प्रगतिशीलता हो (पाण्डेय, २०६८, पृ. १३३) । प्रगतिशील र प्रगतिवाद दुवै शब्दहरूले सम र पृथक् तात्पर्यलाई एक अर्कामा निहित अर्थबोध गराउने पारस्परिक भूमिका निर्वाह गरेका छन् । प्रगतिशील चेतना मात्र व्यक्त गर्न मार्क्सवादी विश्वदृष्टिको उपस्थिति अनिवार्य पर्दैन तर प्रगतिवादी चेतनामा पुग्न आधारभूत रूपमा प्रगतिशील हुँदै मार्क्सवादको विश्वदृष्टिलाई स्वीकार गरेको हुनैपर्छ । मार्क्सवादले औँल्याएको वर्गसमाज, यसको कारक तत्त्वको रूपमा रहेको उत्पादन र वितरण प्रणालीसित जोडिएको हुन्छ । उत्पादन सम्बन्ध र वितरण प्रणालीको टकरावले सामाजिक परिवर्तनको क्षमता राख्छ भन्ने वैचारिकी उपस्थित भएको रचना प्रगतिशील मात्रै नभएर प्रगतिवादी हो । स्पष्ट वर्गसमाजको झलक र त्यसको क्रान्तिकारी परिवर्तनका निम्ति मार्क्सवादी दर्शनले अँगालेको भौतिकवादलाई समर्थन गरेको हुन्छ (तिवारी, सन् २०१६, पृ.२६२) । साथै प्रगतिवादका निम्ति मार्क्सवादी समाज दर्शन, जीवन दर्शन एवं विश्वदृष्टियुक्त अभिव्यक्ति समावेश भएको साहित्य हुनुपर्छ । यसलाई साहित्यमा प्रगतिवाद र राजनीतिमा समाजवाद जस्ता शब्दावलीको प्रयोग गरिएको छ। अतः मार्क्सवादी विचारका मूल्य मान्यतालाई साहित्यका माध्यमद्वारा कलात्मक एवं कुशलतापूर्वक अभिव्यक्त गर्ने साहित्यिक विचारधारा नै प्रगतिवाद हो। प्रगतिवादी साहित्यले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको दार्शनिक जगमा रहेर साहित्य रचना गर्दछ । त्यसैले जीवन र जगत्लाई द्वन्द्वात्मक, वैज्ञानिक चिन्तनका आधारमा व्यक्त गर्ने मार्क्सवादी विचारको साहित्यिक अभिव्यक्ति नै प्रगतिवादी साहित्यिक मान्यता हो । प्रगतिवादी साहित्यले साहित्यमा अभिव्यक्त आन्तरिक कथ्य तथा अन्तर्वस्तुलाई मूल साहित्यिक विषय मान्दछ । यसले कला पक्षलाई भन्दा वैचारिक अभिव्यक्तिलाई नै साहित्यको मूल्याङ्कन गर्ने आधारशिला मान्दछ । यस प्रकारको साहित्यिक अभिव्यक्तिमा जीवनलाई वर्गीय, वैचारिक, द्वन्द्वात्मक, भौतिकवादी, वैज्ञानिक एवं गतिशील दृष्टिले नियाल्ने गरिन्छ । गिरीका अनुसार मार्क्सवादी साहित्यले आधार तत्त्व अर्थात् आर्थिक पक्षसित साहित्यलाई अलग नगरी हेर्दछ (२०६९, पृ. २३) । आधार संरचनालाई अलग गर्ने आदर्शवादी

साहित्यिक दृष्टिभन्दा प्रगतिवादी फरक हुनुको कारक पक्ष नै यही हो । मार्क्सका अनुसार सामाजिक चेतना नै कला साहित्यको पहिलो खुट्किलो हो (२०६३, पृ. ३९) । सामाजिक चेतनामार्फत समाज बदल्ने सौन्दर्य चिन्तन प्रगतिशील-प्रगतिवादी साहित्यको समष्टि साहित्यिक मान्यता हो ।

मानव जीवन र मानव जीवनमा अवस्थित समग्र भौतिक जगत्का क्रियाकलापहरू द्वन्द्वमा आधारित र परिवर्तनशील हुन्छन् । परिवर्तनविनाको जीवन र जगत्को कल्पना पनि गर्न सकिन्न भन्ने मान्यतालाई प्रगतिवादी साहित्यले अँगाल्ने गर्दछ । जीवनमा कुनै पनि वस्तु रूढ र निरपेक्ष रहेको छैन (मार्क्स र अन्य, २०६५, पृ.३) । यही विचारलाई भौतिकवादी द्वन्द्ववादले स्वीकार गरेको छ । यस अनुसार साहित्यमा जीवनको स्पष्ट बोध गर्नु र यसको वर्गीय चरित्रलाई चित्राङ्कन गर्नु प्रगतिवादी चेतना हो । कडवेलका विचारमा सर्वहारा कलाले सर्वहारा वर्गको आन्दोलनलाई व्यक्त गर्दछ (२०६७, पृ. ४०१) । साहित्य कलात्मक प्रस्तुति हो । तर कला कलाको लागि भन्ने मान्यतालाई प्रगतिवादले अस्वीकार गरी सर्वहारा पक्षीय विचार तथा धारणासहितको कलात्मक साहित्यलाई मात्र स्वीकार गर्दछ । राल्फ फक्सले त प्रगतिवादी अर्थात् मार्क्सवादी साहित्यलाई विचारको हथौडा भनेर दृष्टान्त दिएका छन् । उनले मार्क्सवादी साहित्यलाई वास्तविकता बोध गर्ने एक कलात्मक मार्ग मानेका छन् (२०६७, पृ.४५) । प्रगतिवादी साहित्यले जीवनको वास्तविकता खोतल्छ र यसैमा सौन्दर्यको सम्भावना देख्दछ । शोषणमूलक अवस्थालाई बदल्ने वास्तविक र गन्तव्यमुखी सार्थक परिकल्पनालाई प्राथमिकता दिनु प्रगतिवादी साहित्यको अभिलक्षण हो । यस क्षेत्रमा बौद्धिक रूपमा काम गर्ने विश्वका विभिन्न विद्वान्हरूमा प्लेखानोव, लुनाचार्स्की, गोर्की, कडवेल, फक्स, थोम्सनलगायत रहेका छन् । मार्क्सवादी कला साहित्यका सन्दर्भमा मार्क्सवादले अघि सारेका वैचारिकतालाई सम्बद्ध विज्ञहरूले प्रगतिवादी साहित्यको स्पष्ट रूपमा विश्लेषण गरेका छन् (मिश्र, सन् २०१०, पृ.१४९) । यी विद्वान्हरूले प्रगतिवादी साहित्यलाई व्याख्या गर्ने र यस सम्बन्धी सैद्धान्तिक आयाममाथि विमर्श गर्ने मूल आधारका रूपमा मर्क्सवादी दर्शन र विश्वदृष्टिलाई नै प्रमुख वैचारिकी र उद्देश्यका रूपमा लिएका छन् । यसर्थ प्रगतिवादी साहित्य भनेको मार्क्सवादी विश्वदृष्टिमा आधारित रहेको वैचारिक रचना हो । गिरीका अनुसार मार्क्सवादी साहित्यको मूल प्रस्थान बिन्दु भनेकै मार्क्सवादका आधारभूत प्रस्थानहरूका आधारमा निर्माण भएको र यसैको वैचारिक धरातलमा विकसित भएको साहित्य सिद्धान्त हो (२०६९, पृ.१९) । साहित्यका माध्यमबाट जीवनको चित्रण गरी वर्गीय विचारलाई समर्थन गर्नु प्रगतिवादी साहित्य हो । मार्क्स र एङ्गेल्सले साहित्य र कलालाई मानव जीवनको ऐतिहासिक विकास क्रमबाट हेर्नुपर्छ भन्ने धारणा राखेका छन् (भण्डारी, २०५५, पृ. १३) । मार्क्सवादलाई प्रत्यक्ष रूपमा स्वीकार नगरे तापनि समाजमा चलिआएका अन्धविश्वास, शोषण, उत्पीडन, अवैज्ञानिक सोच व्यवहार, विविध अन्याय र अत्याचारप्रति व्यङ्ग्य गर्ने र विकसित, वैज्ञानिक, मानवीय समाजको निर्माणमा जोड दिने वैचारिक चेतना अँगाल्नु चाहिँ प्रगतिशील साहित्यिक मान्यता हो । मार्क्सवाद समाज बदल्ने विचारलाई कला साहित्यमार्फत पनि प्रयोग गर्न केन्द्रित रहन्छ जसको अर्थ आर्थिक, सांस्कृतिक आदि शोषणको विरोध र समानतामूलक नयाँ समाजको निर्माण गर्नु हो (मिश्र, सन् २०१०, पृ. ३७०) । यही विचारको पक्षपोषण प्रगतिवादी साहित्यमा गरिएको हुन्छ ।

अतः मार्क्सवादको मूल दृष्टिलाई साहित्यका कलात्मक अभिलक्षणहरू प्रतीक, बिम्ब, अलङ्कार, रस, व्यञ्जना, लक्षणा, ध्वनि, वक्रात्मक, सूत्रात्मक शिल्पमार्फत व्यक्त गर्नु प्रगतिवाद हो । यसले जीवन र जगत्को यथार्थतालाई

कलात्मक र वैचारिक आधारमा प्रकट गरी मार्क्सवादी चिन्तनको पक्षपोषण गर्दछ । मार्क्सवादले अघि सारेको मूल्यमान्यतालाई पूर्णतः स्वीकार नगरीकन पनि रूढि, अन्धविश्वास, कुप्रथा, विभेद, अन्याय, अत्याचार हटाउने विचारसहित समाजलाई परिवर्तन गर्ने साहित्य प्रगतिशील विचारयुक्त साहित्यिक रचना हो ।

## *सम्बोधि*मा अभिव्यञ्जित प्रगतिशील-प्रगतिवादी चेतना

नेपाली कविता जगत्मा स्थापित प्रगतिवादी कवि नरेश शाक्यद्वारा रचिएको *सम्बोधि* कविता सङ्ग्रहमा मूलतः प्रगतिवादी चिन्तन प्रकट भएको छ। यस कृतिमा अभिव्यक्त प्रगतिशील- प्रगतिवादी अभिव्यक्तिलाई यसअनुसार उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ-

## श्रम चेतनाको अभिव्यक्ति

श्रम मानव जीवनको अभिन्न पक्ष हो । श्रमका कारण नै मानवले यो युगमा आफ्नो प्रगतिको उच्च विकास गरेको छ । श्रमको विभाजनलाई ऐतिहासिक आधारमा अध्ययन गर्दा श्रमको उचित मूल्य नपाएका कारण वर्गीय समस्या उत्पन्न भएको पाइएको छ । श्रमको वर्गीय द्वन्द्वमाथि मार्क्सवादले गहिरो अनुसन्धानात्मक विश्लेषण गरेको छ । श्रमको स्वरूपमाथि मार्क्सवादी विश्वदृष्टि भनेको यसको कुनै पनि मानवीय श्रमशोषणको विरोध गर्नु हो । मार्क्सवादले समाजलाई मालिक वर्ग र श्रमिक वर्गका रूपमा वर्गीकरण गरेर वर्गीय सापेक्षतामा अध्ययन गरेको छ । श्रमिक वर्गको शोषणको यथार्थता अभिव्यक्त गर्नु, यस प्रकारको शोषणको आलोचना गर्नु र शोषक वर्ग विरुद्ध सङ्घर्ष र क्रान्ति गर्ने वैचारिक, राजनीतिक, सांस्कृतिक, सामाजिक लगायत आधारभूमि सिर्जना गर्नु प्रगतिवादी स्रष्टाको एउटा बलियो अभिलक्षण हो । यस सन्दर्भमा कवि नरेश शाक्यले नेपाली समाजमा रहेका श्रमको अवस्थालाई कविताका माध्यमबाट चित्रण गरेका छन् । उनले कवितामार्फत श्रमको सम्मानमा केन्द्रित विचार प्रकट गरेका छन् । श्रमको शोषणजन्य परिवेशको चित्रण र त्यसप्रति आफ्ना कवितामार्फत व्यङ्ग्यात्मक प्रहारसमेत गरेका छन् । श्रम सम्बन्धी प्रगतिवादी चेतनालाई व्यक्त गर्दै कवि शाक्य लेख्छन्-

> जब साँझ ओर्लन्छ श्रमशालामा
> म ज्याबलहरू थन्काउँछु
> आलस्यका धुलोहरू टक्टक्याउँदै
> थकाइ मार्न
> हिँड्छु विश्राम स्थलमा ('५५', पृ.१४) ।

कविले उक्त कवितांशमा कामदार वर्गको यथार्थीकरण गरेका छन् । धुलाम्मे भएर श्रम गर्दाको अवस्थामा थकाइ, भोक, प्यासमा परेका श्रमशील मानिसको दिनचर्यालाई यहाँ सम्बोधन गरिएको छ । श्रमिकहरू

आलस्यमा परेको उल्लेख गरेर कविले उनीहरू उत्पीडित, आर्थिक रूपमा शोषित, अपहेलित भएको ध्वन्यार्थसमेत प्रकट गरेका छन् । श्रमिकहरू आफ्नो जीवनमा पसिनाको धारा बगाएर काम गर्छन् तर त्यसको प्रतिफल भने केकस्तो रूपमा पाउँछन् भन्ने यथार्थलाई व्यङ्ग्यात्मक रूपमा कवि अर्को स्थानमा यसरी व्यक्त गर्दछन् -

> अविरल बगिरहेछ पसिना
>
> यसको निधारबाट
>
> गलाबाट
>
> र हात भिजाइरहेछ
>
> घाँटी भिजाइरहेछ
>
> छाती भिजाइरहेछ
>
> कुनै परिश्रमीको ('१११', पृ.२९) ।

श्रमको चेतनालाई कविले सूक्ष्म रूपमा चित्रण छन् । श्रमिकले श्रमिकको जीवन बचाइरहेको अवस्थालाई उनले सो कवितामा चित्रण गरेका छन् । श्रमविना जीवनमा घाँटी भिज्दैन, छाती भिज्दैन र हात पनि भिज्दैन भन्ने श्रमको मानवीय मूल्यबोध यस कवितांशमा गरिएको छ ।

## आशावादी एवं जीवनवादी अभिव्यक्ति

प्रगतिवादी चेतनाको अर्को मुख्य विशेषता भनेको जीवनवाद हो । प्रगतिवादले निराशालाई अस्वीकार गर्दछ । सामूहिक प्रगति र व्यक्तिभित्र विकसित हुने आशावादी चिन्तनलाई यस मान्यताले स्वीकार गर्दछ । जीवनलाई निराशाको बाटोमा होइन, सङ्घर्षको चरणमा लैजानु पर्छ भन्ने विचारलाई प्रगतिवादी साहित्यले उचित मान्दछ । यस सन्दर्भमा कवि शाक्य आफ्नो जीवनका अनेक कठिनाइ र पराजयका क्षणमा पनि आशावादी जीवन बाँच्ने व्यक्तित्व हुन् । उनले आफ्नो आशावादी जीवन दृष्टिलाई पनि लेखकीय विश्वदृष्टिको पृष्ठभूमिका आधारमा प्रतिबिम्बन गरेका छन् । कवि शाक्यले आशावादी दृष्टिकोणलाई व्यक्त गर्ने प्रतीकात्मक शब्दावली र बिम्बको उपयोग गरेका छन् । उनले यसरी जीवनवादी एवं आशावादी जीवनदृष्टिलाई कवितामा प्रकट गरेका छन्-

> बिहानी पखको कलिलो घामले
>
> मेरो मन मस्तिष्कमा काउकुती लगायो
>
> म गहिरो निद्रामा सुतेकोलाई
>
> जुरुक्क उठायो ('२५२', पृ.६५) ।

कवि शाक्यले रातको अन्योलका विरुद्ध प्रगतिको उज्यालो बिहानलाई अघि सारेर जीवनवादी तथा आशावादी

चिन्तनलाई व्यक्त गरेका छन् । मानिस सुतेर निद्रामा परेर मात्रै बस्दैन । जीवनको सही बुझाइ भएपछि जुरुक्कै उठ्छ भन्ने जीवनवादी भावलाई यहाँ प्रकट गरिएको छ । चेतनाको जागृत रूप र त्यसको जीवनमा पर्ने प्रभावलाई उनले प्रतीकात्मक रूपमा उठाएका छन् । कवि शाक्य अर्को स्थानमा जीवनको अग्रगामी पक्षलाई यसरी प्रतीकात्मक शिल्पमा व्यक्त गर्दछन्-

उकालोमा पहाड

पसिना काढिरहेछ

पसिना पुछेर

यात्रु अगाडि बढिरहेछ ('३१२', पृ.८१) ।

यहाँ कविले जीवन यात्रालाई कठिन अवस्थामा पनि सामनाका साथ अगाडि बढाउनुपर्छ भन्ने आशावादी एवं जीवनवादी विचारलाई अभिव्यक्त गरेका छन् । पसिना पुछेर यात्री अघि बढ्छ भन्नुको तात्पर्य आफ्नो परिश्रम, आफ्नो स्वाभिमान, आफ्नो चेतना र लगावमा जीवन जिउने प्रगतिवादी चिन्तन हो । सङ्घर्ष गर्ने साहसका साथ जीवनका कठिनाइरूपी पसिनालाई पुछेर वा पन्छाएर जीवनलाई गतिशील बनाउनुपर्छ भन्नु हो । यसरी जीवनवादी एवं आशावादी चिन्तनलाई कवि शाक्यले आफ्ना कवितामा प्रस्तुत गरेका छन् ।

## द्वन्द्ववादी धारणाको प्रकटीकरण

प्रगतिशील दृष्टिबाट हेर्दा द्वन्द्व जीवन र जगत्को अनिवार्य आवश्यकता हो । योविना जीवन जगत्को गतिशीलता वा परिवर्तन असम्भव नै रहेको छ । कवि नरेश शाक्यले *सम्बोधि* कविता कृतिमा यस्तै द्वन्द्वात्मक धारणालाई प्रकट गरेका छन् । उनले मानव समाजका बाहिरी र आन्तरिक रूपका द्वन्द्वात्मक पक्षको चित्रण गरेका छन् । समाजमा फरक फरक विचार, नियत र उद्देश्य भएका मानिसका बिचमा द्वन्द्व हुन्छ । यसले समाजका भिन्नताहरूको बोध गराउँछ । समाजमा जहिले पनि पक्ष र विपक्ष रहेको हुन्छ । यसको स्वरूपमा पनि परिवर्तन भएको हुन्छ । यो मानव संसार जैविक र अजैविक दुवै दृष्टिले द्वन्द्वात्मक रहेको पाइन्छ । कवितामा कवि शाक्यले यस सम्बन्धी धारणा यसरी प्रस्तुत गरेका छन्-

आक्रमण, प्रत्याक्रमण

हस्तक्षेप र लुछाचुँडीको

द्वन्द्वमय संसार ('२२७', पृ.५९) ।

संसारमा फरक इच्छा, स्वभावको अवस्था, आर्थिक एवं वर्गीय अवस्था र मात्रा र गुणको विषमताका कारण आक्रमण र प्रत्याक्रमण भएको हुन्छ । अभावका कारण संसारमा लुछाचुँडीको अवस्था पनि रहेको हुन्छ । यसले संसारलाई द्वन्द्वात्मक बनाएको छ । यसले नै गतिशील पनि बनाएको छ । विपरीत भाव, विचार र

स्वार्थका कारण भएका द्वन्द्वात्मक परिवेशलाई कवि शाक्यले आफ्ना कवितामा चित्रण गरेका छन् ।

## सङ्घर्षशील अभिव्यक्ति

प्रगतिवादी स्रष्टाले मानिसका सङ्घर्षशील अवस्थालाई निराशा, कथित भाग्यवाद, ईश्वरको अनुकम्पा र केवल कल्पनाको भावुकतामा लानुको सट्टा यसलाई पनि जीवनकै एक अङ्गको रूपमा लिएका हुन्छन् । सङ्घर्ष जीवनको अभिन्न पक्ष हो । सङ्घर्षले जीवनलाई गतिशील, प्रगतिशील, अग्र गति र बलियो बनाउँदै अघि बढाउँछ । सङ्घर्षका रूप र चरण फेरिए तापनि यसको शून्यता जीवनमा सम्भव छैन । सङ्घर्षलाई जीवनको पक्षमा रूपान्तरण गर्न सक्नु नै प्रगति र उन्नतिका लागि उपयुक्त अवसर हो । यस्ता सङ्घर्षका पाटाहरूलाई जीवनको पक्षमा सम्बोधन गर्ने र मानिसलाई सकारात्मक, सशक्त विचार प्रदान गर्ने प्रकृतिका कविताहरू यस सङ्ग्रहमा प्रयुक्त भएका छन् । जीवनमा समस्याको सामना एवं सङ्घर्षको अवलम्बन र त्यसबाट शिक्षा लिएर सार्थक उपलब्धि हासिल गर्नु नै मानवीय शक्ति हो । यसलाई कवि शाक्यकै कवितांशको दृष्टान्तबाट यसरी बोध गर्नु सान्दर्भिक रहन्छ-

म आकाश उचालिरहन्छु

एटलस भएर

यो मेरो दायित्व

म भुल्ने छैन कदापि

यो मेरो गहन भूमिका ('७४', पृ.१९) ।

आइपरेका सङ्घर्षका चरणबाट पछि नहट्ने विशेषता नै मानिसको शक्ति, जिम्मेवारी र दायित्व भएको प्रगतिशील विचार उक्त कवितांशमा अभिव्यक्त भएको छ । मानिसको जीवनमा सुख र दुःखका दुवै पक्षहरूको वास्तविकता रहेको हुन्छ । यसका वस्तुगत कारणहरू पनि रहेका हुन्छन् । सुखका निम्ति दुःखसित सङ्घर्ष गर्नुपर्छ । प्रगतिका बाधक तत्त्वहरूसित जुध्नुपर्छ । अन्याय र अत्याचारलाई परास्त गर्न सङ्घर्ष गर्नै पर्छ । जीवनका शत्रुतालाई हराउन र जीवनलाई जिताउने सङ्घर्षको विकल्प सङ्घर्ष मात्रै रहेको हुन्छ भन्ने प्रगतिवादी चिन्तन यस कवितामा प्रकट भएको छ ।

## विकास निर्माणको प्रशंसा

प्रगतिशील विचारको मूल उद्देश्य विकास, उन्नति तथा प्रगति नै हो । मानव जीवनको सभ्यता निरन्तर अघि बढ्दछ । आर्थिक व्यवस्था, विकास निर्माण र सभ्यताको यात्रामा ध्वंसका ठाउँमा निर्माण नै उपयुक्त विकल्प हो । विकृति र विसङ्गतिलाई ध्वंस गर्दै मानिसका लागि आवश्यक भौतिक पूर्वाधार, नव निर्माण र जीवनका आवश्यकताहरू पूरा गर्नु नै विकास, प्रगति र उन्नतिका सूचक हुन् । मात्रा र गुणका दृष्टिले भइरहेका विकास यात्राको प्रशंसा गर्दै राज्यलाई सकारात्मक हौसला प्रदान गर्नु पनि प्रगतिशील विचारको विशेषता हो ।

विकासले आम जनतालाई कुनै न कुनै लाभदायी अवस्थामा पुऱ्याउँछ र दुर्गतिहरूलाई न्यून पार्दै लान्छ । कवि शाक्यले यही विचारलाई यसरी कवितामार्फत प्रकट गरेका छन्-

बाटाहरू बन्दैछन्
सडक निर्माण कार्य
तीव्र गतिले हुँदैछ
अब सडक साँगुरो भयो भनेर
गुनासो गर्ने ठाउँ छैन ('१०७', पृ. २८) ।

विकास निर्माणलाई स्वीकार गर्नु नै आम जनताको प्रगतिको सङ्केत पनि हो । भौतिक निर्माण नभई मानिसको जीवनमा अनुकूल, सहज तथा सुविधासम्पन्न स्वरूप बन्न सक्दैन । कवि, कलाकारले राज्यलाई विकास निर्माणतर्फ उत्प्रेरित गर्नुपर्छ । यस्तो उत्प्रेरणाले राज्यलाई विकासमा हात हाल्न अझै उत्साह मिल्नेछ । यसलाई कविले जनतामा सूचित गर्ने र विकासलाई साहित्यको विषय बनाउने विकासमैत्री सिर्जनाको वातावरण पनि निर्माण हुन्छ ।

## गरिबी तथा उत्पीडनको चित्रण

प्रगतिवादले गरिबी र शोषण-उत्पीडनजन्य विषयवस्तुको चित्रण गरेर त्यसको यथार्थलाई समाजसामु उपस्थित गराउँछ । त्यो के कति कार्यकारण तत्त्वहरूबाट भएको हो भन्ने विषयमा मानिसको ध्यान आकृष्ट गराई निराकरणका निम्ति उचित वातावरणको खोजी गर्दछ । वर्तमान युगको मानव समाजमा मूलतः गरिबीको समस्या प्राकृतिक रूपमा भन्दा पनि समाज व्यवस्थाका कारणले नै हुने गरेको छ । वर्गीय असमानता र विभेदका कारण नै गरिबी र उत्पीडनको समस्या देखापरेको छ । प्रगतिवादी साहित्यले यसलाई मानवीय समस्याको रूपमा औँल्याउने गर्छ । कवि नरेश शाक्यले विवेच्य सङ्ग्रहमा यस विषयलाई पनि सक्रियता साथ अघि सारेका छन् । उनले गरिबीको चपेटामा परेको अवस्थालाई चित्रण गरी यसको अन्तका निम्ति समाजलाई आह्वान पनि गरेका छन् । उनी लेख्छन्-

उफ् ! कस्तो यो उष्णता ?
यो टन्टलापुर घाममा
म एक अञ्जुली चिसो पानीको
तृष्णाले व्याकुल छु
तृषित छु ('२८', पृ.७) ।

कविले पानीको तृष्णा भएको बताउँदै गरिबीले व्यथित परिवेशको प्रतीकात्मक चित्रण गरेका छन् । *सम्बोधि*

कविता सङ्ग्रहमा प्रगतिवादी चिन्तनका अन्य अभिलक्षणहरू सामूहिक चिन्तन, राष्ट्रवादी तथा स्वाभिमानी चिन्तन, क्रान्तिकारी विचार, सामाजिक र सामूहिक भाव, सीमा अतिक्रमणको विरोध, शोषणको विरोध, सामाजिक समस्या, सर्वहारा वर्गीय चित्रण जस्ता पक्षहरूको पनि अभिव्यक्ति पाइन्छ । कविले आफ्नो कवितामा शोषण र शोषितको जीवनका पृथक्तालाई पनि सटीक दृष्टिले औँल्याएर शोषणको अन्त भएको समतामूलक समाजको परिकल्पना गरेका छन् । उनले यस कवितामा नारीवादी चिन्तनको प्रकटीकरण पनि गरेका छन् । नारीलाई आधा आकाश वा आधा नागरिक बनाउने होइन, पूर्ण मानिसको रूपमा हेर्नुपर्ने मानवतावादी चिन्तनलाई व्यक्त गरेका छन् । यस सम्बन्धमा उनी लेख्छन्-

तिमीले ओगटेको आधा आकाश

मलाई देऊ, ताकि म पूर्ण आकाश

पूर्ण सत्य, पूर्ण सूर्य, पूर्ण चन्द्र

र ताराहरू बन्न सकूँ

अर्ध हुनबाट बच्न सकूँ ('१५१',पृ.३९) ।

कवि शाक्यले मानव जीवनलाई पूर्ण हुनबाट रोक्ने लैङ्गिक विभेदमूलक प्रवृत्तिमाथि व्यङ्ग्य गरेका छन् । त्यो प्रवृत्तिलाई उनले 'तिमीले ओगटेको आधा आकाश' भनेर सङ्केत गरेका छन् । यो अभिव्यक्ति विभेद र एकल वर्चस्व विरुद्ध केन्द्रित रहेको छ । कविले मानव समाजमा समानता र समतामूलक व्यवस्था भएमा पूर्ण हुने भाव सम्प्रेषण गरेका छन् । कवितांशका उक्त अभिव्यक्तिले सामूहिक भाव, अस्तित्व, पहिचान, सहकार्य, सम्मान, आम मानव प्रगति आदिलाई मुखरित गरेको छ । अपूर्णताबाट पूर्णताको खोजी गर्नु नै कविको मानवीय प्रगतिको वैचारिक चिन्तन हो भन्ने सो कवितांशले सङ्केत गरेको छ ।

## निष्कर्ष

कवि नरेश शाक्य सामाजिक जीवनमा प्रगति एवं उन्नतिको अपेक्षा राख्ने प्रगतिशील र प्रगतिवादी विचारका कवि हुन् । त्यसले नै उनलाई प्रगतिशील र प्रगतिवादी वैचारिक चेतनाका कविको रूपमा स्थापित गराएको छ । उनी कठिनभन्दा कठिन परिस्थितिमा पनि मानिसले सङ्घर्षको बाटो लिनुपर्छ भन्ने आग्रहलाई *सम्बोधि* नामक यस कविता सङ्ग्रहका कविताहरूमार्फत अभिव्यक्त गर्दछन् । *सम्बोधि* नामक यस कविता सङ्ग्रहका कविताहरूमा उनले प्रगतिशील-प्रगतिवादी विचार व्यक्त गरेका छन् । द्वन्द्वात्मक अवस्था, वर्गीयता, क्रान्ति, जीवनवादी भाव, सङ्घर्ष, शोषण र अनेक प्रकारका अन्याय अत्याचारको विरोध जस्ता वैचारिक अभिव्यक्तिले मूलतः यस कविता सङ्ग्रहलाई प्रगतिशील-प्रगतिवादी वैचारिक अन्तर्वस्तुयुक्त बनाएको छ । कवि नरेश शाक्यको वैचारिकता यसैमा केन्द्रित भएको छ ।

## सन्दर्भ सामग्री सूची


आचार्य, बाबुराम (२०७८). *सामाजिक रूपान्तरणमा प्रगतिशील साहित्य र संस्कृतिको भूमिका. प्रलेस.* २६/२६ चैत. पृ.२७६-२८१ ।

कडवेल, क्रिस्टोफर (२०६७).कविताको भविष्य.*मार्क्सवादी साहित्य चिन्तन.* सम्पा. निनु चापागाईं. साझा प्रकाशन, पृ. ३९२-४१८ ।

गिरी, अमर (२०६९). मार्क्सवादी साहित्य सिद्धान्त. *भृकुटी.* (प्रगतिवाद विशेषाङ्क). पृ.१३-४९ ।

तिवारी, अजय (सन् २०१६).*प्रगतिशील कविता के सौन्दर्य-मूल्य.* वाणी प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०६८). *अर्थको आनन्द.* विवेक सिर्जनशील प्रकाशन प्रालि ।

फक्स, राल्फ (२०६७).मार्क्सवाद, साहित्य र वास्तविकता.*मार्क्सवादी साहित्य चिन्तन.* सम्पा.निनु चापागाईं.साझा प्रकाशन, पृ. ३९-४९ ।

भण्डारी, जगदीशचन्द्र (२०५५). *प्रगतिवादी नेपाली कविता: रेखाङ्कन र विश्लेषण.* मुन्नी भण्डारी ।

मार्क्स, कार्ल (२०६३). *मार्क्स एङ्गेल्स साहित्य र कला.* (अनु.राजेन्द्र मास्के, सूर्य प्रकाश पौडेल). विवेक सिर्जनशील प्रकाशन प्रालि ।

मार्क्स र अन्य (२०६५).*द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद.* (अनु.रमेश सुनुवार). प्रगति पुस्तक भण्डार ।

मिश्र, शिवकुमार (सन् २०१०).*मार्क्सवादी साहित्य चिन्तन : इतिहास तथा सिद्धान्त.* वाणी प्रकाशन ।

मिश्र, शिवकुमार (सन् २०१६).*प्रगतिवाद. (दो.संस्क.). वाणी प्रकाशन ।* वाणी प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* शिखा बुक्स ।

शाक्य, नरेश (२०७६).*सम्बोधि.* आकृति प्रकृति प्रकाशन ।

सिलवाल, हरिप्रसाद (२०७४). *नेपाली प्रगतिवादी कविताको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।